स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ७, संख्याः ७, चैत्र ०२ गते, ॾण्डण साल**


## भाग-१

## सरूमारनी गाउँपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०८०

प्रथम संशोधन/स्वीकृत मितिः२०८०।११।३०

राजपत्र/प्रमाणिकरण मितिः मितिः२०८०।१२।२

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(१) बमेजिम सरूमारानी गाउँपालिकाको चौधौं गाउँसभाले यो पहिलो संशोधन ऐन बनाएको छ।

१.<u>**संक्षिप्त नाम र प्रारम्भ**</u> :

(१) यस ऐनको नाम " **सरूमारानी गाउँपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०८०** " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मूल कानुनको दफा ३ को उपदफा-५ पछि देहाय बमोजिम उपदफा-६ थप गरिएको छ।**

६) *सहकारी ब्यबसायको विकास, प्रवर्द्धन र बजारीकरण लगाएतका कार्यहरु गर्न सरुमारानी गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुको भेलाले सरुमारानी गाउँपालिका सहकारी संघ गठन गर्न सक्नेछन । उक्त संघ गठन गर्दा गाउँपालिका भित्र कार्यक्षेत्र भएका र गाउँपालिकामा दर्ता/सूचीकरण भएका कम्तीमा ५१ प्रतिशत सहकारी अनिबार्य सहभागि भएको हुनु पर्नेछ ।*

**३. मूल कानुनको दफा २९ को उपदफा-५ पछि देहायको बमोजिम उपदफा-६ (क) संशोधन र (ख) थप गरिएको छ।**

(६)-क) *भौगोलिक धरातललाई अध्ययन गरी एक हजार  वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा-वडा वा अन्य पायक पर्ने स्थानमा संचालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।*

*ख) उपदफा-क बमोजिमको प्रतिनिधिमूलक प्रतिनिधि छनौट गर्दा सहकारी ऐन, २०७५ को दफा-१८ बमोजिम सहकारी संस्थाको विनियममा उल्लेख भए बमोजिमको प्रतिनिधि छनौट गर्नु पर्नेछ ।*

समाप्त

प्रमाणिकरण मितिः २०८०।१२।२ गते ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत